# माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा
गर्नको लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

**वामदेव जोशी**

परीक्षा रोल नं. :– २८०००४/२०६६

त्रि.वि. दर्ता नं.:– ७–१–३२९–५४२–२०००



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग

(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)

कीर्तिपुर, काठमाडौं

नेपाल

२०६७



माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास - वामदेव जोशी २०६७

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र वामदेव जोशीले **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास** शीर्षक शोधप्रतिवेदन मेरो निर्देशनमा लेखन कार्य पुरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

उप.प्रा. किरणराम रञ्जितकार

(शोध निर्देशक)

मिति : २०६७/१२/२२/०३

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र वामदेव जोशीले **माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास** शोधशीर्षकमा शोधप्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतको लागि सिफारिस साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह. प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख<br>पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग | ............................ |
| उप. प्रा. किरणराम रञ्जितकार<br>शोध निर्देशक | ............................ |
| उप. प्रा. विश्ववाला थापा<br>बाह्य परिक्षक | ............................ |
| सह. प्रा. जनार्दन घिमिरे<br>बाह्य परिक्षक | ............................ |

मिति : २०६७/१२/३०/०४

## कृतज्ञता ज्ञापन

प्रस्तुत "माध्यमिक विद्यालय तहमा शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास" शीर्षकको शोधपत्र प्रस्तावना लेखन कार्यदेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवं निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु उप.प्राध्यापक किरणराम रञ्जितकारज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी शोधपत्र तयारी गर्न आवश्यक सरसल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख सह. प्राध्यापक नारायण बस्नेतज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस खोज कार्यका लागि समय-समयमा विभिन्न सल्लाह, सुझाव प्रदान गर्नुहुने विभागका गुरु-गुरुआमा प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराउनुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू एवं विद्यार्थीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु, साथै प्रस्तुत अध्ययन/अनुसन्धान संचालनको क्रममा आवश्यक सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नुहुने सम्पूर्ण साथीभाइ एवं शुभचिन्तकहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

शोधपत्रलाई मूर्तरुप दिन शोधपत्रलाई टंकन एवं फोटोकपी र वाइन्डिङ गरी आवश्यक सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी तथा कम्प्युटर सर्भिस कीर्तिपुर, पाँगाका सुनेश श्रेष्ठप्रति हार्दिक आभार प्रकट गर्दछु ।

चैत्र, २०६७ वामदेव जोशी

# शोधसार

यो अध्ययन कंचनपुर जिल्लामा अवस्थित झलारी स्रोतकेन्द्रमा रहेका जम्मा वाह्रवटा सार्वजनिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएका चारवटा माध्यमिक विद्यालयहरूमा अध्यापनरत गणित, विज्ञान र सामाजिक अध्ययन विषयका शिक्षकहरूमा आधारित रहेको थियो । यस अध्ययनले शिक्षकको पृष्ठभूमि पहिचान गर्ने, शिक्षकको शिक्षण  प्रतिको धारणा पत्ता लगाउने र शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था पत्ता लगाउने उद्देश्यहरू राखेको थियो । यी उद्देश्यहरूलाई परिपूर्ति गर्न सम्बन्धित विद्यालयका छनोटमा परेका विषय शिक्षकहरूलाई व्यक्तिगत विवरण फाराम, लिकर्ट विधिको प्रयोग, खुला प्रश्नावलीको प्रयोग गरी अन्तर्वार्ता र विद्यार्थीहरूको लक्षित समूह छलफल गरी आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसरी संकलन गरिएको सूचनाहरूलाई उद्देश्य अनुसार विभिन्न शीर्षकमा राखि आवश्यकता अनुसार परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरी विश्लेषण तथा व्याख्या गरिएको थियो ।

माध्यमिक विद्यालय तहमा गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको पृष्ठभूमिलाई पहिचान गर्दा यस तहका लागि न्यूनतम् शैक्षिक योग्यता सबै शिक्षकहरूमा रहेको पाइयो । अधिकांश शिक्षकहरू तालिम प्राप्त, कम कार्यानुभव वर्षका र युवाअवस्थाका रहेको पाइयो । शिक्षण पेशामा धेरैजसो ब्राह्मण र क्षेत्री जातका शिक्षकहरूको वाहुल्यता रहेको तथा जनजाति शिक्षकहरू न्यून संख्यामा रहेको पाइयो, भने दलित शिक्षकहरू नरहेको पाइयो । शिक्षकहरूको शिक्षण प्रतिको धारणालाई हेर्दा १२ जना शिक्षकहरूमध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । विषयगत आधारमा शिक्षकहरूको शिक्षण प्रतिको धारणालाई दृष्टिगत गर्दा गणित विषयका ४ जना,  विज्ञान र सामाजिक अध्ययन विषयका ३/३ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो, भने विज्ञान र सामाजिक अध्ययन विषयका १/१ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । शैक्षिक योग्यताका आधारमा स्नातक तहसम्म शैक्षिक योग्यता भएका ६ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको तथा स्नातकोत्तर तहसम्म शैक्षिक योग्यता भएका ५ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र १ जना शिक्षकमा तटस्थ धारणा रहेको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण  प्रतिको धारणालाई हेर्दा तालिम प्राप्त १० जना शिक्षकहरू मध्ये ८ जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा र २ जना शिक्षकहरूमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो, भने तालिम अप्राप्त २ जना शिक्षकहरूमध्ये सबै शिक्षकहरूमा नै शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइयो । कार्यानुभव वर्ष समूहका आधारमा ०-५ कार्यानुभव वर्ष समूहबाट ३०-३५ कार्यानुभव वर्ष समूह सम्मका १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा तथा ५-१० र १०-१५ कार्यानुभव वर्ष समूहसम्मका १/१ जना शिक्षकमा शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । जातका आधारमा ब्राह्मण, क्षेत्री, जनजाति शिक्षकहरू मध्ये १० जना शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा तथा क्षेत्री जातका २ जना शिक्षकहरूमा मात्र शिक्षणप्रति तटस्थ धारणा रहेको पाइयो । तर कुनै पनि पृष्ठभूमि भएका शिक्षकहरूमा शिक्षणप्रति नकारात्मक धारणा भने नरहेको पाइयो ।

छनोटमा परेका माध्यमिक तहका गणित, विज्ञान र सामाजिक अध्ययन विषय अध्यापनरत शिक्षकहरूको विषयगत शिक्षण अभ्यासको अवस्थालाई हेर्दा शिक्षकहरूले शिक्षण गर्दा विषयवस्तुको तयारी अन्तर्गत अधिकांश शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग सधै गर्ने गरेको पाइएता पनि सबै विषयका शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग नगर्ने गरेको पाइयो, यसको कारण सबै विषयको शिक्षक निर्देशिकाको विद्यालयहरूमा अभाव रहनु रहेको छ । साथै पाठयोजना लिखितरूपमा तयारी कुनै पनि विषयका शिक्षकहरूले नगर्ने गरेको पाइयो । यिनीहरूले मानसिक रूपमा मात्र पाठयोजनाको तयारी गर्ने गरेको पाइयो । कक्षाकोठा व्यवस्थापनको अवस्थालाई हेर्दा विद्यार्थीहरूको अनुपातमा विद्यालयहरूमा कक्षाकोठा, बेन्च, डेस्क रहेको पाइए तापनि शिक्षकहरूले विद्यार्थीहरूको बसाइ व्यवस्थापन गर्दा परम्परागत तरिकाले समतलीय आकारको बसाई बसाल्ने गरेको पाइयो । जसले गर्दा सबै क्षमता, स्तर, विशेषता र विशेष किसिमका विद्यार्थीहरूलाई सक्रिय सहभागी बनाएर शिक्षण गर्न शिक्षकहरूले नसकिरहेको पाइएको छ । शिक्षकहरूले कक्षा शिक्षणको सुरुवात गर्दा कुनै शिक्षकले पूर्वपाठसँग सम्बन्ध जोड्दै नयाँ पाठको शिक्षण गर्ने गरेको, कसैले पाठको शीर्षक कालोपाटीमा लेखेर विद्यार्थीहरूलाई हल्ला नगर्न भनेर पाठ सुरु गरेको र सिधै पाठको विषयवस्तुमा प्रवेश गर्ने गरेको पाइयो । शिक्षकहरूको शिक्षण विधि प्रयोगको अवस्थालाई हेर्दा अधिकांश शिक्षकहरूले मुख्य रूपमा व्याख्यान विधिको प्रयोग गर्ने गरेको पाइयो, तर गणित विषयमा चाहि समस्या समाधान विधिको प्रयोग गर्ने गरेको पाइयो । शिक्षकहरूले शिक्षण गर्दा शिक्षण सामग्रीहरूको नियमित प्रयोग गर्ने शिक्षकहरू न्यून रहेको पाइयो । अधिकांश शिक्षकहरूले कहिलेकाही मात्र शिक्षण सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । यसको कारण विद्यालयहरूमा शिक्षण सामग्रीहरूको अभाव, शिक्षकहरूमा शैक्षिक सामग्री निर्माण गर्ने सीपको अभाव, समयको अभाव र आर्थिक अभाव आदि रहेको पाइयो । कक्षा शिक्षणको क्रममा गणित विषयका शिक्षकहरूले ग्राफ, चार्ट, रेखा गणितीय औजार आदि, विज्ञान विषयमा शिक्षकहरूले चार्ट, चित्र रासायनिक विज्ञानका प्रयोगात्मक सामग्रीहरू आदि र सामाजिक अध्ययन विषयका शिक्षकहरूले चार्ट, ग्लोब, नक्सा, चित्रहरू र पत्रपत्रिका आदिलाई शिक्षण सामग्रीहरूको रूपमा प्रयोग गर्दै आइरहेको पाइयो । कक्षा शिक्षणका क्रममा अधिकांश शिक्षकहरूले व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई प्रश्न सोधेर विद्यार्थीहरूको कक्षा शिक्षण उपलब्धिको मूल्याङ्कन गर्ने गरेको पाइयो । यसका साथै गणित विषयमा कक्षाकार्य गर्न लगाएर, विज्ञान विषयमा प्रयोगात्मक कार्य गर्न लगाएर पनि विद्यार्थीहरूको कक्षा शिक्षण उपलब्धिको मूल्याङ्कन गर्ने गरेको पाइयो । शिक्षकले कक्षा शिक्षणको अन्त्यमा नियमित रूपमा विद्यार्थीहरूलाई गृहकार्य दिने गरेको पाइयो, साथै अधिकांश शिक्षकहरूले नियमित रूपमा विद्यार्थीहरूको गृहकार्य परीक्षण गर्ने गरेका पाइयो । जसले गर्दा विद्यार्थीहरूलाई शिक्षण गरेको पाठप्रति दिगो सिकाइ गर्न मद्दत पुगेको पाइएको छ ।

यसरी निष्कर्षमा भन्नुपर्दा विभिन्न पृष्ठभूमि भएका अधिकांश शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक धारणा रहेको पाइए तापनि विषयगत शिक्षण अभ्यासका क्रममा सबै शिक्षकहरूबाट धारणा अनुसार शिक्षण क्रियाकलाप धेरै राम्रो गर्न नसकेको पाइएको छ । जसले गर्दा शिक्षण सम्बन्धी योजना निर्माण, कक्षाकोठाको उपयुक्त व्यवस्थापन, शिक्षण विधि र शिक्षण सामग्रीहरूको उचित चयन तथा प्रयोगमा कमी हुँदा सबै क्षमता, स्तर र विशेषता भएका

विद्यार्थीहरूलाई सक्रिय सहभागी बनाएर शिक्षकहरूले शिक्षण क्रियाकलाप संचालन गर्न नसक्दा शिक्षण अभ्यास क्रियाकलापलाई उद्देश्य अनुसार प्रभावकारी बनाउन सकिरहेको पाइएन । तसर्थ शिक्षण अभ्यास क्रियाकलापलाई विषयगत रूपमा प्रभावकारी रूपले सम्पन्न गर्न शिक्षणप्रति सकारात्मक धारणा भएका सबै लिङ्ग, जात, धर्मका शिक्षाशास्त्रमा सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरेका दक्ष व्यक्तिहरूलाई शिक्षण पेशामा छनोट गरिनु पर्दछ । शिक्षकहरूलाई समय समयमा तालिम, गोष्ठी, सेमिनारको व्यवस्था गरिनुपर्दछ । साथै शिक्षकहरूमा रहेको शिक्षण प्रतिको सैद्धान्तिक ज्ञान, सीपलाई पूर्ण रूपमा शिक्षण अभ्यास क्रियाकलापमा उतार्न शिक्षकहरूले, सम्बन्धित विद्यालय र यस सम्बन्धी निकायहरूबाट आवश्यक पहल गरिनु पर्दछ ।

# विषयसूची


| | | |
|---|---|---|
| **सिफारिस पत्र** | | I |
| **स्वीकृति पत्र** | | II |
| **कृतज्ञता ज्ञापन** | | III |
| **शोधसार** | | IV |
| **विषयसूची** | | VII |
| **तालिका सूची** | | X |

**अध्याय एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको समस्या | ५ |
| १.३ | अनुसन्धान प्रश्नहरू | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको औचित्य | ६ |
| १.६ | अध्ययनको सीमा | ६ |
| १.७ | परिभाषित शब्दावलीहरू | ७ |

**अध्याय दुई**

**पूर्वसाहित्यको समीक्षा**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ७ |
| | २.१.१ शिक्षक | ७ |
| | २.१.२ शिक्षण | ९ |
| | २.१.३ शिक्षकको शिक्षण प्रतिको धारणा र अभ्यास | १० |
| २.२ | प्रयोगात्मक साहित्यको पूनरावलोकन | ११ |
| २.३ | अवधारणात्मक ढाँचा | १४ |

**अध्याय तीन**

**अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | १५ |
| | ३.१.१ सूचना संकलनको ढाँचा | १५ |
| ३.२ | जनसंख्या र नमुना छनोट | १५ |
| | ३.२.१ जिल्ला छनोट | १६ |
| | ३.२.२ विद्यालय छनोट | १६ |

३.२.३ शिक्षक छनोट १६
३.२.४ विद्यार्थी छनोट १६
३.३ तथ्याङ्कको श्रोत १६
३.३.१ प्राथमिक स्रोत १६
३.३.२ द्वितीय स्रोत १७
३.४ सूचना सङ्कलनका साधनहरू १७
३.४.१ शिक्षकको व्यक्तिगत विवरण फाराम १७
३.४.२ लिकर्ट विधि १७
३.४.३ अन्तर्वार्ता १७
३.४.४ कक्षा अवलोकन फारम/निर्देशिका १७
३.४.५ लक्षित समूह छलफल निर्देशिका १७
३.५ साधनको वैधता १८
३.६ तथ्याङ्कको संकलन प्रक्रिया १८
३.६.१ परिवेश निर्माण १८
३.६.२ शिक्षकको व्यक्तिगत विवरण संकलन १८
३.६.३ अन्तर्वार्ता १८
३.६.४ लिकर्ट विधिको प्रयोग १८
३.६.५ कक्षा अवलोकन १८
३.६.६ लक्षित समूह छलफल १९
३.६.७ सूचनाको वैधता निर्धारण १९
३.७ तथ्याङ्क विश्लेषण र व्याख्या १९
३.७.१ तथ्याङ्कको संगठन र रूपान्तरण १९
३.७.२ तथ्याङ्कको तालिकीकरण १९
३.७.३ तथ्याङ्कको व्याख्या १९

**अध्याय चार**

**सूचनाहरूको विश्लेषण र व्याख्या**

४.१ विद्यालयको सामान्य परिचय २०
४.२ शिक्षकको पृष्ठभूमि २१
४.२.१ शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था २१
४.२.२ कार्यानुभव वर्षका आधारमा विषय शिक्षकको अवस्था २२
४.२.३ लिङ्गका आधारमा शिक्षकको अवस्था २३
४.२.४ उमेरका आधारमा शिक्षकको अवस्था २३

४.२.५ जात र धर्मका आधारमा शिक्षकको अवस्था २४
४.३ शिक्षकको शिक्षण प्रतिको धारणा २५
४.३.१ विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा २६
४.३.२ शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षण प्रतिधारणा २७
४.३.३ तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २७
४.३.४ कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा २८
४.३.५ उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा २९
४.३.६ जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा ३०
४.४ शिक्षकको विषयगत शिक्षण अभ्यासको अवस्था ३०
४.४.१ शिक्षकले शिक्षण गर्दा विषयवस्तु तयारीको व्यवस्था ३१
४.४.१.१ शिक्षक निर्देशिका प्रयोगको अवस्था ३१
४.४.१.२ पाठयोजना निर्माणको अवस्था ३२
४.४.२ शिक्षकले शिक्षण गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था ३२
४.४.३ शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात ३४
४.४.४ शिक्षकले शिक्षण गर्दा शिक्षण विधि प्रयोगको अवस्था ३५
४.४.५ शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोगको अवस्था ३८
४.४.६ शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन ३९
४.४.७ शिक्षकले कक्षा शिक्षणका अन्त्यमा गृहकार्य ४१
४.५ शिक्षकको शिक्षण प्रतिको धारणाले शिक्षण अभ्यासमा पारेको प्रभाव ४२

**अध्याय पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ४४
५.२ निष्कर्ष ४९
५.३ सुझावहरू ५१
**सन्दर्भसामग्री**
**अनुसूचीहरू**

# तालिका सूची


| | | | |
|---|---|---|---|
| ३.१ | : | सूचना संकलनको ढाँचा | १५ |
| ४.१ | : | शैक्षिक योग्यता र तालिमका आधारमा शिक्षकको अवस्था | २१ |
| ४.२ | : | कार्यानुभव वर्षका आधारमा शिक्षकको अवस्था | २२ |
| ४.३ | : | उमेरका आधारमा शिक्षकको अवस्था | २४ |
| ४.४ | : | जातका आधारमा शिक्षकको अवस्था | २५ |
| ४.५ | : | विषयगत आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २६ |
| ४.६ | : | शैक्षिक योग्यताका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २७ |
| ४.७ | : | तालिमका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २८ |
| ४.८ | : | कार्यानुभवको आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २८ |
| ४.९ | : | उमेरका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | २९ |
| ४.१० | : | जातका आधारमा शिक्षकको शिक्षणप्रति धारणा | ३० |
| ४.११ | : | शिक्षक निर्देशिका प्रयोगको अवस्था | ३१ |
| ४.१२ | : | पाठयोजना निर्माणको अवस्था | ३२ |
| ४.१३ | : | शिक्षकले कक्षा शिक्षण गर्दा पाठको सुरुवात | ३४ |
| ४.१४ | : | शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू | ३५ |
| ४.१५ | : | शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्री प्रयोग | ३८ |
| ४.१६ | : | शिक्षकले कक्षा शिक्षण गर्दा विद्यार्थी मूल्याङ्कन गर्ने तरिका | ३९ |
| ४.१७ | : | कक्षा शिक्षणको अन्त्यमा गृहकार्य | ४१ |